# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, कार्त्तिक ६ गते २०५२ साल (संख्या २७

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य मन्त्रालयबाट आर्थिक वर्ष २०५०।५१ को लागि मलेरिया र कालाज्वर नियन्त्रण गर्ने किटनाशक विषादि खरिद गर्ने सम्बन्धमा संलग्न दोषि कर्मचारीहरूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विभागीय कारवाहीको लागि भएको निर्णय अनुसार निजामती सेवा ऐन, २०४९ को दफा ५९ बमोजिम विभागीय कारबाही गर्न उक्त कार्य सम्पन्न नभएसम्मको लागि उक्त ऐनको दफा ६२ बमोजिम सजायको आदेश दिने अधिकारीको अधिकार मन्त्रिपरिषद् सचिवालयका मुख्य सचिव श्री ईश्वरप्रसाद उपाध्यायलाई सुम्पेको छ । निजले दिएको सोही ऐनको दफा ५९ को खण्ड (ख) बमोजिमको सजायबाहेक अन्य सजायको आदेश उपर पुनरावेदन सुन्ने अधिकारी श्री ५ को सरकारलाई तोकेको छ ।

आज्ञाले,
द्वारिकानाथ ढुङ्गेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

### सूचना १

टिकापुर विकास समिति (गठन) (दशौं संशोधन) आदेश, २०५२

टिकापुर विकास समिति (गठन) आदेश, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय को आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम 'टिकापुर विकास समिति (गठन) (दशौं संशोधन) आदेश, २०५२' रहेकोछ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. टिकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा २ मा संशोधनः टिकापुर विकास समिति (गठन) आदेश, २०२८ (यस पछि 'मूल आदेश' भनिएको) को दफा २ को,–

(१) उपदफा (२) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क१) श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयबाट मनोनीत व्यक्ति– –सदस्य"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः–

"(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। समितिको अध्यक्ष बैठकमा उपस्थित नभएमा वा कुनै कारणले समितिको अध्यक्षको पद रिक्त हुन आएमा उपदफा (२) को खण्ड (क१) बमोजिमको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।"

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अवधिभित्र योजना पूरा गर्ने।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३०६०

## सूचना २

टिकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा ३को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले टिकापुर विकास समितिको योजना पूरा गर्ने अवधि २०५४ साल आषाढ मसान्तसम्म तोकेको छ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
# अर्थ मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेशनल ट्रेनिङ्ग लिमिटेडले भारतको स्टेट ट्रेडिङ्ग लिमिटेडसँग खरीद गरी पैठारी हुने १५,००० (पन्ध्रहजार) मेट्रिकटन चिनीमा भन्सार महशुल पूर्ण रूपमा छूट दिने निर्णय गरेको छ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५२ को दफा २० ले दिएको अधिकार प्रयोग, गरी आल्मुनियम, तामा र पित्तलको भाँडा बनाउन प्रयोग हुने ढिक्का, सर्कल, पाता, इंगट र स्क्रयापको पैठारीमा बिक्री कर नलाग्ने गरी छूट दिएको छ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

श्री ५ को सरकार (मन्त्रिपरिषद्) ले मिति २०५२।५।१५ को निर्णयानुसार आपूर्ति व्यवस्था सुदृढीकरण आयोगको का. मु. सचिव श्री घनानाथ ओझालाई स आयोगको काम समेत हेर्ने गरी स्वास्थ्य मन्त्रालयको का. मु. सचिव पदमा सरुवा गरेको छ।

### सूचना २

श्री ५ को सरकार (मन्त्रिपरिषद्) ले मिति २०५२।५।१९ को निर्णयानुसार केन्द्रीय सेवा विभागका महानिर्देशक श्री चक्रबन्धु अर्याललाई रक्षा मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

श्री ५ को सरकार (मन्त्रिपरिषद्) ले मिति २०५२।५।१९ को निर्णयानुसार विशेष प्रहरी विभागका सह–सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई विशेष प्रहरी विभागको प्रमुखमा कायम मुकायम मुकरर गरेको छ।

### सूचना ४

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका का. मु. सचिव श्री खगेन्द्र बस्न्यात क्यानाडाको मन्ट्रियलमा आयोजना हुने अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको ३१ औं अधिवेशनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभए-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लक्ष्मणप्रसाद उपाध्यायलाई मिति २०५२।५।३० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ २०५२।५।१७ गते रसियाको राजधानी मस्कोतर्फजानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री गोपीनाथ दवाडीलाई मिति २०५२।५।१७ गते-देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ६

शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयका का.मु. सचिव श्री हिरण्यलाल रेग्मी जनसंख्या शिक्षा कार्यक्रमहरूको अवलोकन भ्रमणका लागि चीन र भियतनामतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का. मु. विशेषसचिव श्री जयराम गिरीलाई मिति २०५२।५।२९ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## गृह मन्त्रालयको
### सूचना १

जिल्ला प्रशासन कार्यालय, बाराका कायम मुकायम प्रमुख जिल्ला अधिकारी श्री केदारमान अमात्य मिति २०५२।४।७ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री माथुरप्रसाद यादवलाई मिति २०५२।४।१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जिल्ला प्रशासन कार्यालय, नुवाकोटका प्रमुख जिल्ला अधिकारी श्री लोकबहादुर खत्री मिति २०५२।४।८ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री रामराज सुवेदीलाई मिति २०५२।४।७ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

जिल्ला प्रशासन कार्यालय, रोल्पाका प्रमुख जिल्ला अधिकारी श्री गंगाबहादुर के. सी. मिति २०५२।४।१४ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री चन्द्रप्रकाश देवकोटालाई मिति २०५२।४।८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

जिल्ला प्रशासन कार्यालय, लमजुङका प्रमुख जिल्ला अधिकारी श्री प्रेमप्रसाद शर्मा मिति २०५२।४।१४ देखि पर्व बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
390 390

उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री नन्दीकेशर त्रिपाठीलाई मिति २०५२।४।६ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ५

जिल्ला प्रशासन कार्यालय, उदयपुरका प्रमुख जिल्ला अधिकारी श्री रामेश्वरप्रसाद घिमिरे मिति २०५२।४।१२ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री दिनानाथ दाहाललाई मिति २०५२।४।६ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

जिल्ला प्रशासन कार्यालय, इलामका प्रमुख जिल्ला अधिकारी श्री माधवप्रसाद ओझा मिति २०५२।४।१५ देखि नेपाल भारत संयुक्त प्राविधिक स्तरीय सीमा समितिको अठारौं बैठकमा भाग लिन काठमाडौं काजमा आउनु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री डण्डुराज घिमिरेलाई मिति २०५२।४।१० को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ७

जिल्ला प्रशासन कार्यालय, सिन्धुलीका प्रमुख जिल्ला अधिकारी श्री ऋषिकेश पौडेल मिति २०५२।४।१४ देखि घर बिदामा बस्नु हुने भएकोले उहांको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले इलाका प्रशासन शाखा हरिओन सर्लाहीबाट सोही कार्यालयमा काजमा रहनुभएका शाखा अधिकृत श्री किरणप्रसाद सिवाकोटीलाई मिति २०५२।४।११ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

399

## सूचना ८

जिल्ला प्रशासन कार्यालय, हुम्लाका प्रमुख जिल्ला अधिकारी श्री शरदचन्द्र पौडेल मिति २०५२।४।२५ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री उपेन्द्रबहादुर ढुंगानालाई मिति २०५२।४।११ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ९

जिल्ला प्रशासन कार्यालय, प्यूठानका प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्रराज पौडेल मिति २०५२।५।२ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री सूर्यनाथ कोइरालालाई मिति २०५२।४।११ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १०

जिल्ला प्रशासन कार्यालय, गुल्मीका प्रमुख जिल्ला अधिकारी श्री बद्रीबहादुर कार्की मिति २०५२।४।१० देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री राधाकृष्ण शर्मालाई मिति २०५२।४।११ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ११

जिल्ला प्रशासन कार्यालय, डोटीका प्रमुख जिल्ला अधिकारी श्री रत्नकाजी बज्राचार्य मिति २०५२।४।१४ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज बोहरालाई मिति २०५२।४।१२ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १२

जिल्ला प्रशासन कार्यालय, नवलपरासीका प्रमुख जिल्ला अधिकारी श्री अनन्तराज पोखरेल मिति २०५२।४।२५ देखि बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विष्णुप्रसाद अर्याललाई मिति २०५२।४।१२ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १३

जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी श्री माधवप्रसाद रेग्मी क्रिया बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विश्वनाथ चापागाईलाई मिति २०५२।४।१५ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १४

जिल्ला प्रशासन कार्यालय, कैलालीका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरनारायण पाण्डेय मिति २०५२।४।२८ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी श्री मोहनकृष्ण सापकोटालाई मिति २०५२।४।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १५

जिल्ला प्रशासन कार्यालय, दोलखाका प्रमुख जिल्ला अधिकारी श्री रामप्रसाद शर्मा मिति २०५२।४।१९ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५९३

को उप-नियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री ऋतुराज भण्डारीलाई मिति २०५२।४।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १६

जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी श्री छविराज पन्त मिति २०५२।४।२१ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री ओमप्रसाद गौतमलाई मिति २०५२।४।१९ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १७

जिल्ला प्रशासन कार्यालय, डडेलधुराका प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्र बाहाल मिति २०५२।४।२६ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री मानदेव वडुलाई मिति २०५२।४।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १८

जिल्ला प्रशासन कार्यालय, बैतडीका प्रमुख जिल्ला अधिकारी श्री स्थानेश्वर देवकोटा मिति २०५२।४।२६ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री लेखबहादुर रावललाई मिति २०५२।४।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १९

जिल्ला प्रशासन कार्यालय, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी श्री कृष्णमुरारी शर्मा मिति २०५२।४।२१ देखि बिरामी बिदामा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री वैकुण्ठबहादुर अधिकारीलाई मिति २०५२।४।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना २०

जिल्ला प्रशासन कार्यालय, पर्वतका प्रमुख जिल्ला अधिकारी श्री माधवराज शर्मा मिति २०५२।४।२६ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका साहयक प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम तिवारीलाई मिति २०५२।४।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २१

जिल्ला प्रशासन कार्यालय, जुम्लाका प्रमुख जिल्ला अधिकारी श्री हिमलाल सुवेदी क्रिया बिदामा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बाँकेका प्रशासकीय अधिकृत श्री हरिकृष्ण भट्टलाई मिति २०५२।४।२१ देखि लागू हुने गरी मिति २०५२।४।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना २२

जिल्ला प्रशासन कार्यालय, वाग्लुङका प्रमुख जिल्ला अधिकारी श्री दोलख बहादुर गुरुङ मिति २०५२।४।२८ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री भरत पौडेललाई मिति २०५२।४।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २३

जिल्ला प्रशासन कार्यालय, मुस्ताङका प्रमुख जिल्ला अधिकारी श्री मोदराज डोटेल मिति २०५२।४।२८ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री दामोदर पन्तलाई मिति २०५२।४।२३ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २४

जिल्ला प्रशासन कार्यालय, चितवनका प्रमुख जिल्ला अधिकारी श्री राममणि रिसाल मिति २०५२।४।२८ देखि भैपरी बिदामा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री डिकबहादुर गुरुङ्गलाई मिति २०५२।४।२८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २५

जिल्ला प्रशासन कार्यालय, गोरखाका प्रमुख जिल्ला अधिकारी श्री बाबुराम सापकोटा मिति २०५२।४।२६ देखि भैपरी बिदामा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री बामदेव शर्मालाई मिति २०५२।४।२६ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २६

जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी श्री पुण्य प्रसाद न्यौपाने मिति २०५२।४।३० देखि भैपरी बिदामा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विन्दुप्रसाद गुरागाईलाई मिति २०५२।४।३१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २७

जिल्ला प्रशासन कार्यालय, लमजुङका प्रमुख जिल्ला अधिकारी श्री प्रेमप्रसाद शर्मा सापकोटा मिति २०५२।४।३० देखि काजमा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री नन्दीकेशर त्रिपाठीलाई मिति २०५२।४।३१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २८

जिल्ला प्रशासन कार्यालय, धनकुटाका प्रमुख जिल्ला अधिकारी श्री मानप्रसाद प्रधान मिति २०५२।५।१ देखि घर बिदामा बस्नु हुने भएकाले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री रमेश श्रेष्ठलाई मिति २०५२।४।३१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २९

जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारी श्री राजेन्द्र कुमार ढुङ्गेल मिति२०५२।५।४ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री गोपालजी श्रेष्ठलाई मिति २०५२।४।३१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३०

जिल्ला प्रशासन कार्यालय, संखुवासभाका प्रमुख जिल्ला अधिकारी श्री भरतमणि रिसाल मिति २०५२।५।२ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री कमल कान्त रेग्मीलाई मिति २०५२।४।३१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
396

## सूचना ३१

जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारी श्री योगराज पौडेल मिति २०५२।४।२६ देखि घर बिदामा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री मुरारी प्रसाद शर्मालाई मिति २०५२।४।३१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कोषकुमार नेम्वाङ्ग
कानून अधिकृत



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५ ) काठमाडौं, कार्त्तिक १३ गते २०५२ साल ( संख्या २८


## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी OLYMPIC GAMES 1996 को उपलक्ष्यमा निम्न डिजाइन, नाप, तौलका असर्फी र सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ।

असर्फी

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहने छ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा OLYMPIC GAMES 1996, त्यस भन्दा तल बायाँतर्फ RUNNER को लोगो बायाँतर्फ न्यातपोल मन्दिर, मन्दिरको तल नेपालीमा नेपाल र त्यसभन्दा मुनि अंग्रेजीमा NEPAL, RUNNER को पछिल्तिर अंग्रेजीमा 14 CT GOLD, 1/4 OZ रही तल्लो भागमा सडकको आकृति रहनेछ।

तौल : ७.७७६ ग्राम

व्यास : २५ मि.मि.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| धातु | : ५.५८३।१००० सुन (१४ क्यारेट) |
| सिरेशन | : भएको |
| प्रुफ | : प्रुफ |
| थान | : ३,००० |

रू २५००।– को सिक्का

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्‌म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा OLYMPIC GAMES, 1996 त्यसभन्दा तल बीचमा अंग्रेजीमा Rs. 2500, Rs. 2500 को वरिपरि DECATHLON (एथेलटिक्सको १० किसिमको खेलहरू) र त्यसभन्दा तलको भागमा अंग्रेजीमा NEPAL उल्लेख रहनेछ ।

| | |
|---|---|
| अंकित मूल्य | रू २५००।– |
| तौल | ५ औंस (१५५.५ ग्राम) |
| व्यास | ६५ मि.मि. |
| धातु | ९९९ शुद्ध चाँदी |
| सिरेशन | भएको |
| प्रुफ | प्रुफ |
| थान | ५,००० |

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव

## सूचना २

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिले दैवी प्रकोप पीडितलाई उपलब्ध गराउनको लागि प्रकाश टेण्ट एण्ड टारपोलिन प्रा.लि. बाट खरिद गरेको २००० थान टारपोलिन पालमा लाग्ने बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
320

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकार (मन्त्रिपरिषद्)ले मिति २०५२।६।१० को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूहका विशिष्ट श्रेणीका अधिकृत श्री दीपेन्द्रपुरुष ढकाललाई वन तथा भू-संरक्षण मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकार (मन्त्रिपरिषद्) ले मिति २०५२।६।१० को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयका का. मु. सचिव श्री श्रीराम पौडेललाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरेको छ ।

### सूचना ३

सूचना तथा संचार मन्त्रालयका सचिव श्री भोजराज पोखरेल जेनेभामा सम्पन्न हुने "टेलिकम ९५" मा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रेवतीराज काफ्लेलाई मिति २०५२। ६।२२ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

अर्थ मन्त्रालयका का. मु. सचिव श्री रामविनोद भट्टराई विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त बैठकमा भाग लिन अमेरिकाको राजधानी वासिङटन डी. सी. तर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५२।६।२२ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भूलसुधार

खण्ड ४५ अतिरिक्ताङ्क २० नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको पेज नं. ५ को दोस्रो हरफको उपनियम (१) को खण्ड पछि 'द' हुनु पर्ने मा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
322